# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट, दाङ

५ नं. प्रदेश, नेपाल

## मन्टेश्वरी सामान खरिदका लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७५/१२/२७**

यस शान्तिनगर गाउँपालिका चिराघाट दाङ अर्न्तगत रहेका विभिन्न विद्यालयहरूको लागि मन्टेश्वरी सामान खरिद तथा आपूर्ति गर्नुपरेको हुँदा इजाजत प्राप्त ईच्छुक उत्पादक/अधिकृत विक्रेता तथा सप्लायर्सले निम्न लिखित सर्तको अधिनमा रहि खरिद कार्य गर्न बोलपत्र आह्वान गरिएको छ ।

शर्तहरू

१) मु.अ.करमा दर्ता भएको, ०७५/०७६ का लागि कार्यगर्न ईजाजत प्राप्त गरेको, २०७४/०७५ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गरी यस कार्यालयबाट बोलपत्रको लागि ३० औं दिन भित्र कार्यालय समयमा बोलपत्र दस्तुर तिरी वोलपत्र खरीद गर्न सकिनेछ ।

२) शिलबन्दी बोलपत्र प्रकाशन भएको ३१ औं दिनभित्र दिनको १२:०० बजे यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । उपरोक्त बोलपत्र सोही दिनको २:०० बजे कार्यालय प्रतिनिधी, बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा यस कार्यालयमा नियमानुसार खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि उक्त बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस गाउँपालिकाको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखाको धरौटी खाता नं ०७७०१४००२५००३० मा दाखिला गरेको बैंक भौचर वा बोलपत्र पेश गरेको मितिले कम्तिमा बोलपत्रको लागि १२० दिनको म्याद भएको "क" वर्गको इजाजत पत्र प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सम्बन्धि बैंक जमानत पत्र (Bid Bond) पेश गर्नुपर्ने छ ।

४) रित नपुगी म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

५) दर्ता भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालय प्रमुखमा निहित हुनेछ ।

६) बोलपत्र पेश गर्ने नाम, ठेगाना, समय, फोन नं. स्पष्ट सँग लेख्नुपर्ने छ ।

७) वोलपत्र पेश गर्दा खामको वाहिरी भागमा माथितिर कामको विवरण तथा ठेक्का नम्बर लेखि तल यस कार्यालयको नाम उल्लेख गर्नु पर्ने छ ।

८) एउटा फर्मको नाममा खरीद विक्रि गरेको बोलपत्र अर्को फर्मको नाममा पेश गर्न पाईने छैन ।

९) बोलपत्र खरीद वा दर्ता गर्ने दिन विदा वा शनिवार परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन खरीद वा दर्ता गर्न दिईने छ ।

१०) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा खरीद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित अन्य कानून अनुसार हुनेछ ।

११) यस सम्बन्धि अन्य कूरा बुझ्न परेमा कार्यालय समयमा सम्पर्क राखी वा यस गाउँपालिकाको website shantinagarmun.gov.np मा बुझ्न र हेर्न सकिने छ ।

तपशील

| सि.नं | ठेक्का नं | कामको विवरण | किसिम | भ्याट वाहेकको रकम (रू) | बोलपत्र दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | १५ | नमूना तथा साधारण मन्टेश्वरी शिक्षाका लागि शैक्षिक सामाग्री खरिद | बोलपत्र | ३०,०८,३८७।६७ | ३,०००।०० | ९०,०००।०० |

निम बहादुर के.सी.

(प्रमुख प्रशासकिय अधिकृत)